**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले स्वदेशी 4 जी सेवाहरुको सुभारम्भ गर्नुभयो| यसमा भारत ती केहि देशहरुको सुचिमा शामेल भएको छ जो आफ्नो दुरसंचार नेटवर्क बनाउन सम्पूर्ण रुपले सक्षम छन् |

- प्रधानमंत्री नरेंद्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुको साथ आफ्नो विचार साझा गर्नुहुनेछ।

- तमिलनाडुको करूरमा हिज एक रैलीमा मचिएको भागदौडमा मृत्युहुनेहरुको संख्या 36 पुगेको छ।

- आजदेखि पश्चिम बंगालमा दुर्गा पुजा महोत्सवको आधिकारिक रुपमा शुरुवात भएको छ |

- एशिया कप टी-20 क्रिकेटको फाइनलमा आज भारतको सामना पाकिस्तानसित हुनेछ ।यो मैच भारतीय समयानुसार राति 8 बजेदेखि शुरु हुनेछ।

**प्रधानमंत्री नरेन्द्र मोदी डिजिटल बुनियादी ढांचा**

प्रधानमंत्री नरेन्द्र मोदीले डिजिटल बुनियादी ढांचाको विस्तार गर्ने प्रयासको रुपमा सम्पूर्ण भारतमा सत्तानवें हजार पांच सय भन्दा अधिक नयाँ 4जी मोबाइल टावरहरुको उद्घाटन गर्नुभएको छ। यिनमा बानवें हजार छ सय टावरस्वदेशी प्रविधिले सुसज्जित छन्। करिबन सैंतीस हजार करोड रुपैयाँको लागतमा बीएसएनएलले स्थापना गरेको यी टावरबाट थप तीस हजार गाउँमा उच्च गतिको इन्टरनेट सेवा पुग्ने अपेक्षा गरिएको छ। प्रधानमन्त्री मोदीले उडिसाको झारसुगुडामा यो सेवा सुरु गर्ने घोषणा गर्नुभएको हो । उहाँले भन्नु भयो, 'भारत २जी, ३जी र ४जी प्रविधिमा पछाडि परेको छ। तर, बीएसएनएलको स्वदेशी रुपमा विकसित ४जी नेटवर्कसँगै भारत अब केही देशहरूमा सामेल भएको छ जुन आफ्नै टेलिकम नेटवर्क निर्माण गर्न सक्षम छन्।

**उपराष्ट्रपति-बिहार**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज बिहार भ्रमणमा आउँदैहुनुहुन्छ । यसै क्रममा उहाँ पटनामा हुने उन्मेष अन्तर्राष्ट्रिय साहित्य महोत्सवको तेस्रो संस्करणको समापन सत्रमा प्रमुख अतिथिका रूपमा सहभागी हुनुहुनेछ। उपराष्ट्रपतिले मुजफ्फरपुरको कटरामा चामुण्डा देवी मन्दिरको पनि दर्शन गर्नुहुनेछ।

**जयशंकर-संयुक्त राष्ट्र महासभा**

विदेश मंत्री डॉ सुब्रह्मण्यम जयशंकरले भन्नु भयो भारतको नजिक एउटा छिमेकी देश छ जुन विश्वव्यापी आतङ्कवादको केन्द्र हो र भारतले स्वतन्त्रतादेखि नै आतङ्कवादको चुनौतीको सामना गर्दै आइरहेको छ। संयुक्त राष्ट्र महासभाको ८०औँ अधिवेशनलाई सम्बोधन गर्नुहुदै डा. जयशंकरले जोड दिनुभयो कि दशकौंदेखि विश्वमा भएका ठूला आतङ्कवादी हमलाहरू एउटै देशमा निहित छन्।उहाँले संयुक्त राष्ट्रसंघको आतंककारीको सूचीमा आफ्ना नागरिकहरु पनि रहेको बताउनुभयो । विदेशमन्त्रीले यस वर्ष अप्रिलमा पहलगाम आतङ्कवादी हमलाको पनि उल्लेख गर्नुभयो जसमा निर्दोष पर्यटकहरू मारिएका थिए। उहाँले भन्नुभयो, भारतले आतङ्कवादविरुद्ध आफ्ना जनताको रक्षा गर्ने आफ्नो अधिकारको प्रयोग गरेको छ र यसका अपराधीहरूलाई न्यायको कठघरामा ल्याएको छ।

डॉ. जयशंकरले यो पनि भन्नु भयो कि संयुक्त राष्ट्र यस समय संकटको स्थितिमा रहेको छ। उहाँले भन्नुभयो सुधारहरुको विरोध संयुक्त राष्ट्रको विश्वसनीयताको ह्रासको मुख्य कारण रहेको छ। उहाँले परिषद्को स्थायी तथा अस्थायी सदस्यता विस्तार गर्न माग गर्नुभयो ।उहाँले सुधारिएको परिषद् साँच्चिकै प्रतिनिधिमूलक हुनुपर्ने र भारत ठूलो जिम्मेवारी लिन तयार रहेको बताउनु भयो ।

जयशंकरले भन्नुभयो 'विश्वले अहिले ट्यारिफमा अस्थिरता र अनिश्चित बजार पहुँचको अनुभव गरिरहेको छ। उहाँले जोड दिनुभयो कि जोखिम न्यूनीकरण अब एक बाध्यता हो, चाहे त्यो आपूर्तिको सीमित स्रोतबाट होस् वा कुनै विशेष बजारमा अत्यधिक निर्भरता।

डा. जयशंकरले भन्नुभयो , 'भारत सधैँ आफ्नो निर्णय आफैं लिने छ र सधैँ ग्लोबल साउथको आवाज रहनेछ। उहाँले देश र विदेशमा आफ्ना जनताको रक्षा र हितको रक्षा गर्न दृढ रहेको बताउनु भयो । उहाँले 'आत्मनिर्भरता', 'आत्मरक्षा' र 'आत्मविश्वास' को तीन प्रमुख अवधारणाहरूमा जोड दिनुभयो , जसले समकालीन विश्वमा भारतको दृष्टिकोणलाई परिभाषित गर्दछ।

**मन की बात**

प्रधानमंत्री नरेंद्र मोदीले आज बिहान 11 बजे आकाशवाणीमा मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुको साथ आफ्नो विचार साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको 126वऔ संस्करण हो।यो कार्यक्रम आकाशवाणी र दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज़ऑनएयर मोबाइल ऐपमा प्रसारित गरिनेछ। यसको सीधा प्रसारण आकाशवाणी समाचार, डीडी न्यूज़, प्रधानमंत्री कार्यालय र सूचना तथा प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि गरिनेछ। हिंदी प्रसारणको पछि क्षेत्रीय भाषाहरुमा पनि यसको प्रसारण गरिनेछ।

**करूर-भागदौड**

तमिलनाडुको करूरमा हिज एक रैलीमा मचिएको भागदौडमा मृत्युहुनेहरुको संख्या 36 पुगेको छ। 50 भन्दा अधिक मानिसहरुको विभिन्न अस्पतालहरुमा उपचार चलिरहेको छ। तमिलनाडुका मुख्यमन्त्री एम के स्टालिनले भागदौडमा मारिएका व्यक्तिका परिवारलाई दश-दस लाख रुपियाँ अनुग्रह दिने घोषणा गर्नुभएको छ। आईसीयूमा उपचार गराइरहेकालाई एक–एक लाख भारु दिइनेछ। मुख्यमन्त्रीले यस घटनाको छानबिन गर्न उच्च अदालतका सेवानिवृत्त न्यायाधीश अरुणा जगदीशनको नेतृत्वमा एक आयोग गठन गर्नुभएको छ | यो रैली फिल्म अभिनेता कलाकार र राजनीतिक नेता विजयको तमिलागा वेत्री कड़गम पार्टीले आयोजित गरेको थियो। श्री विजयले घटनाप्रति गहिरो गहरा दुख व्यक्त गर्दै यसमा मारिएका मृतकका परिवारजनहरु प्रति संवेदना व्यक्त गर्नुभएको छ।

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमंत्री नरेन्द्र मोदीले भागदौडमा मारिएका मानिसहरुप्रति दुख व्यक्त गर्नुभएको छ ।उहाँले सोशल मीडिया पोस्टमा संवेदना व्यक्त गर्नुहुदै घाइतेहरुको शीघ्र स्वस्थ्यलाभको कामना व्यक्त गर्नुभएको छ। गृहमंत्री अमित शाह, स्वास्थ्य मंत्री जगत प्रकाश नड्डा, रक्षामंत्री राजनाथ सिंह र कृषि मंत्री शिवराज सिंह चौहानले पनि घटनामा दुख व्यक्त गर्नुहुदै पीड़ित परिवारहरुप्रति दुख व्यक्त गर्नुभएको छ र घाइतेहरुको शीघ्र स्वस्थको कामना गर्नुभएको छ।

**सेवा पर्व - अटल पेंशन योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सरकारले सेवा र सुशासनको मन्त्रबाट प्रेरणा लिएर परिवर्तन र प्रगति ल्याउन निरन्तर प्रयास गरिरहेको छ। आज यो विशेष शृङ्खला 'सेवा पर्व'मा हामी यहाँहरु लाई मोदी सरकारले कसरी अटल पेन्सन योजनामार्फत भारतको असंगठित श्रमशक्तिको सामाजिक सुरक्षालाई बलियो बनाएको छ भन्ने बारेमा जानकारी दिइरहेका छौं।

**Byte**

**दुर्गा पूजा - पश्चिम बंगाल**

आज दखि पश्चिम बंगालमा दुर्गा पूजा महोत्सवको आधिकारिक रूपमा सुरुवात सुरु भएको छ। पृथ्वीमा माता दुर्गालाई आमन्त्रित गर्न विभिन्न अनुष्ठानहरू गरिरहेको छ।

एक रिपोर्ट:

## रूस - भारत संयुक्त राष्ट्र सुरक्षा परिषद

रूसले संयुक्त राष्ट्र सुरक्षा परिषदमा भारतको स्थायी सदस्यताका लागि आफ्नो समर्थन दोहोर्याएको छ। संयुक्त राष्ट्रसंघको महासभाको ८० औं सत्रलाई सम्बोधन गर्दै रुसी विदेशमन्त्री सेर्गेइ लाभरोभले वर्तमान विश्व परिदृश्यलाई मध्यनजर गर्दै सुरक्षा परिषद्मा सुधार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ । उहाले भन्नुभयो रूसले सुरक्षा परिषदमा एशिया, अफ्रिका र ल्याटिन अमेरिकाको प्रतिनिधित्व बढाउन ब्राजिल र भारतको स्थायी सदस्यताको समर्थन गर्दछ। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को एक मात्र सदस्य रुस हो र स्थायी सदस्यताका लागि भारतलाई समर्थन गरेको छ। श्री लाभरोभले जोड दिनुभयो वर्तमान विश्व सन्तुलन 80 वर्ष पहिले संयुक्त राष्ट्र संघको स्थापनाको भन्दा धेरै फरक छ, र त्यसैले सुरक्षा परिषदलाई अझ प्रभावकारी र प्रतिनिधिमूलक बनाउन सुधारहरू आवश्यक छन्। संयुक्त राष्ट्रसंघको महासभामा आफ्नो भाषणमा श्री लाभरोभले ग्लोबल साउथको सामूहिक स्थितिलाई आकार दिन एससीओ र ब्रिक्स जस्ता मञ्चहरूको महत्त्वलाई पनि जोड दिनुभयो। विकासोन्मुख देशहरुको हित समन्वय गर्ने संयन्त्रका रुपमा यी समूहले विशेष भूमिका निर्वाह गर्ने उहाको भनाइ छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा सुधारको माग यस वर्षको सम्मेलनको मुख्य विषय रहेको छ ।

## एशिया कप क्रिकेट

एशिया कप टी-20 क्रिकेटको फाइनलमा आज भारतको सामना पाकिस्तानसित हुनेछ ।यो मैच भारतीय समयानुसार राति 8 बजेदेखि शुरु हुनेछ। एशिया कपको 41 वर्षको इतिहासमा यो पहिलो पटक हो जब यी दुवै टीमले फाइनल खेल्नेछन् । भारतले अहिलेसम्म आठ पटक एसिया कपको उपाधि जितेको छ । यसपटक यी दुई टोली तेस्रो पटक आमनेसामने हुनेछन् |

## राष्ट्रीय एथलेटिक्स चैंपियनशिप

राष्ट्रीय ओपन एथलेटिक्स चैंपियनशिपको पहिलो दिन हिज रांचीको बिरसा मुंडा स्टेडियममा महिलाहरुको 5 हजार मीटर दौड़मा सीमाले स्वर्ण पदक जीतिन भने संजना सिंहले रजत पदक र काजल कनवाडेले कांस्य पदक जीतेकी छन् । पुरुषहरुको 5 हजार मीटर दौड स्पर्धामा प्रिंस कुमारले स्वर्ण, सुनील डावरले रजत र अभिषेकले कांस्य पदक हासिल गरेका छन् ।